जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३२ २०८० साल बैशाख ६ गते बुधबार (19 Apr. 2023 Wednesday) मूल्य रु. ५/-

### हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चलायमान अर्थतन्त्रका सार्थक... ३ पृष्ठमा : आगामी आवका लागि पाँच लाख ... ३ पृष्ठमा सुडान द्वन्द्वमा दुई सयको..

## बस अनियन्त्रित भई पल्टिदा २१ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

सप्तरीको शम्भुनाथमा यात्रुबाहक बस र खडकमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालकसहित २१ जना घाइते भएका छन् ।

जिल्लाको शम्भुनाथ नगरपालिका ८ मिलनचौकस्थित पुर्व पश्चिम लोकमार्गमा मंगलबार यात्रुबाहक बस आफै अनियन्त्रित भई पल्टिदा २० जना घाइते भएका छन् ।

पश्चिमबाट पुर्वतर्फ जादै गरेको ना.६ख.१४७९ नम्बरको यात्रुबाहक बस आफै अनियन्त्रित भई पल्टिदा बसमा सबार ती यात्रुहरु घाइते भएको प्रहरीले जनाएको छ । घाइतेहरुको कल्याणपुरस्थित युनिभर्सल र एडभान्स अस्पतालमा उपचार भइरहेको छ ।

बस चालक झापाको बिर्तामोड नगरपालिका १ निवासी ४३ वर्षिय टंक अधिकारीलाई नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै मंगलबारै जिल्लाको खडक नगरपालिका ४ कदमाहा उदयपुर राजमार्गमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक घाइते भएका छन् ।

कदमाहातर्फ आउदै गरेको प्र.२-०१-००२५.८२२१ न.को मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक वडा नं. ३.बस्ने २७ वर्षिय जागे यादव घाइते भएको प्रहरीले जनाएको छ ।

शरीरको बिभिन्न भागमा चोट लागेकोले उनको लहानस्थित सप्तऋषी अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## माछा मार्ने विषयमा दुई पक्षबीच कुटाकुट, दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

पोखरीमा माछा मार्ने विषयमा दुई पक्षबीच कुटाकुट हुँदा दुई जना घाइते भएका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ गम्हरीया प्रवहा निवासी शम्भु मुखिया, सोनेलाल मुखिया, तथा राजेन्द्र प्रसाद साह, सुरेन्द्र साह, दिपेन्द्र साह र भागरित साह पक्षबीच कुटाकुट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पोखरीमा माछा मार्ने बिषयलाई लिई दुबै पक्ष बिच झै-झगडा हुदा राजेन्द्र प्रसाद साह, शम्भु मुखियाँ र सोनेलाल मुखिया घाइते भएका छन् ।

कुटाकुटबाट घाइते भएका राजेन्द्रको छिन्नमस्ता अस्पताल तथा शम्भु र सोनेलाल मुखियाको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । कुटाकुटमा संलग्न अन्य व्यक्तिहरू फरार रहेकोले खोजतलास जारि रहेको प्रहरीले जनाएको छ ।

## प्रधानमन्त्रीद्वारा काठमाडौं-तराई/मधेस द्रुतमार्ग अवलोकन

काठमाडौँ, ५ वैशाख (रासस) ।

निर्माणाधीन काठमाडौँ तराई-मधेश द्रुर्तमार्गको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मंगलबार अवलोकन गर्नुभएको छ ।

राष्ट्रिय गौरवको सो परियोजना प्रधानमन्त्री प्रचण्डको दोस्रो कार्यकालमा नेपाली सेनालाई जिम्मेवारी दिनुभएको थियो । हाल सो आयोजनाको निर्माण जारी छ । प्रधानमन्त्री प्रचण्डलगायत नेपाल सरकारका उच्च अधिकारी सम्मिलित टोलीले निर्माण भइरहेका विभिन्न खण्डहरूमा पुगी अवलोकन गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

सचिवालयका अनुसार प्रधानमन्त्री प्रचण्डको साथमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, भौतिक तथा यातायात व्यवस्था मन्त्री प्रकाश ज्वाला, अर्थमन्त्री डा प्रकाशशरण महत, मुख्य सचिव शङ्करदास बैरागी, नेपाल सरकारका सचिव र नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मालगायतको सहभागिता थियो ।

काठमाडौँलाई तराई-मधेशसँग जोड्ने सबैभन्दा छोटो दुरीको सो आयोजना नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ ।

## भुसामा लगाइएको आगो सल्केर गाईगोठ र भान्सा घर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

गहु खेतमा खुट्टी र गहुको भुसामा लगाइएको आगो सल्केर सोमबार आगलागि हुँदा गाईगोठ र भान्सा घर जलेर नष्ट भएको छ ।

सप्तरीको रुपनी गाउँपालिका १ रायपुर बस्ने अगमलाल यादबले बालेको आगोले छिमेकी अमरलाल यादबको परालको टाल, गाईगोठ, भान्सा घर तथा अन्य सरसमान गरि १ लाख ६५ हजार मुल्य बराबरको सम्पत्ति जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

उक्त आगो स्थानीयबासी, नेपाल प्रहरी र मधेश प्रदेश नेपाल प्रहरी तालिम केन्द्रको दमकल र राजबिराज नगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## विदेशमा जेल परेका नेपालीको उद्दारका लागि सरकारको ध्यानाकर्षण

काठमाडौँ, ५ वैशाख (रासस) ।

विभिन्न मुलुकका जेलमा रहेका नेपालीको उद्दारका लागि संसदमार्फत् सरकारको ध्यानाकर्षण गराइएको छ ।

प्रतिनिधिसभाको मंगलबार को बैठकमा सांसद ज्ञानेन्द्रबहादुर कार्कीले विभिन्न मुलुकमा पुगेका नेपाली कामदारलाई सहज रूपमा काम गर्ने वातावरण निर्माण र उनीहरूको सुरक्षाका लागि सरकारले पहल गर्नुपर्ने बताउनुभएको हो ।

"हाम्रो मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारमा रहेका नेपालीहरूको महत्वपूर्ण योगदान छ । गतवर्ष नेपालले करिब रु १० खर्ब सात अर्ब रेमिटचान्स भित्रचाएको छ । तर वैदेशिक रोजगारीमा गएका एक हजारभन्दा बढी नेपाली अहिले विभिन्न देशका जेलमा छन्," सांसद कार्कीले भन्नुभयो, "उनीहरूको रिहाइ, उद्दार, सुरक्षा र सहज रूपमा स्वदेश फर्किन वातावरणका निमित्त सरकारको ध्यान गम्भीर रुपले आकृष्ट गर्न चाहन्छु ।"

विदेश गएका नेपाली कामदारलाई सहज वातावरणमा काम गर्ने अवस्था सिर्जनाका लागि सरकारले विशेष पहलकदमी गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद बिजुला रायमाझीले नेपालका युवालाई विदेशिनबाट रोक्न सरकारले बनाएको योजनाबारे प्रश्न गर्नुभएको थियो । "हाम्रा युवा नेपालमा बस्ने वातावरण कहिलेदेखि बन्छ ? विदेशबाट केही गरौं भनेर नेपाल फर्किएका व्यक्तिले सञ्चालन गरेका व्यवसाय धराशायी भइरहँदा उनीहरूलाई नेपालमै टिक्नसक्ने अवस्था बनाउन सरकारले के योजना बनाएको छ", उहाँले संसद्मार्फत् सरकारलाई प्रश्न गर्नुभयो ।

## मुसहर टोलमा आगलागी, आठ घरका ३४ परिवार विस्थापित

**दैनिक समाचारदाता**
**सुनसरी, ५ वैशाख ।**

सुनसरीको कोशी गाउँपालिका हरिपुर ७ वडास्थित मुसहरटोलमा भएको आगलागीबाट आठ घर जलेर नष्ट भएका छन् ।

सोमबार दिउँसो भएको आगलागीबाट स्थानीयवासीको लत्ताकपडा, भाँडाकुँडा र भएका अन्न जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट घर जलेर नष्ट भएपछि आठ घरका ३४ परिवार विस्थापित भएको नेकपा (एमाले) कोशी गाउँ कमिटीका अध्यक्ष रामखेलन साहले जानकारी दिएका छन् ।

उनका अनुसार हरेराम सदाका चार, शिवनारायण सदाका पाँच, जगदीश सदाका छ, दिनेश सदाका तीन, सुनिता सदाका तीन, चन्द्रदेव सदाका तीन, बेचन सदाका छ र सुरज सदा चार सदस्यीय परिवार आगलागीबाट विस्थापित भएका छन् ।

## कोरोना संक्रमित दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ बैशाख ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १ सय ७१ जना कोरोना संक्रमित थपिँदा २ जनाले ज्यान गुमाएका छन् ।

मन्त्रालयका अनुसार २४ घण्टामा २ हजार २ सय ९२ जनामा कोरोना परीक्षण भएको थियो । जसमा १ सय ७१ जनामा संक्रमण पुष्टि भएको हो ।

यस्तै सोही अवधिमा ८५ जना संक्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ । हाल देशभर ३ सय ९७ जना सक्रिय संक्रमित रहेका छन् । संक्रमितमध्ये काठमाडौँ उपत्यकामा ४ जना भेन्टिलेटरमा छन् भने आइसियुमा ८ जना रहेका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### स्वास्थ्य मापदण्ड आवश्यक

कोरोनाका बिरामीहरु पुनः मुलुकभर देखिन थालेको छ। मंगलबार मात्रै कोरोना संक्रमित मध्ये दुई जनाको ज्यान गएको छ। विगतका केही महिना अघि संक्रमितको संख्या घट्दै गएर मृत्यु दर शुन्यमा झरेपनि अहिले त्यसको त्रास पुनः देखिन थालेको छ। बिस्तारै नेपालमा कोरोनाका बिरामीहरु बढ्न थालेपछि सबै सचेत हुनु आवश्यक छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १ सय ७१ जना कोरोना संक्रमित थपिएको जानकारी दिएको छ। २४ घण्टामा २ हजार २ सय ९२ जनामा कोरोना परीक्षण भएको थियो। जसमा १ सय ७१ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। सोही अवधिमा ८५ जना संक्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। हाल देशभर ३ सय ९७ जना सक्रिय संक्रमित रहेकामा संक्रमितमध्ये काठमाडौं उपत्यकामा ४ जना भेन्टिलेटरमा तथा ८ जना आइसियुमा रहेको जनाएको छ।

सरकारले महामारी नियन्त्रण तथा रोकथामका लागि कोरोना बिरुद्धको भ्याक्सिन लगाउन पुनः सुरुवात गरेको छ। यसरी सम्पूर्ण नेपालीलाई भ्याक्सिन लगाउने सरकारको तयारी रहेको छ। भ्याक्सिन लगाउनाले कोरोनाको जोखिमबाट केही राहत हुने चिकित्सकहरुको दाबी छ। यसरी दिनप्रतिदिन महामारी बढ्दै गएर मुलुक आक्रान्त बनेको बेला भ्याक्सिन लगाउनु साथै सबैले सरकारी स्वास्थ्य मापदण्ड अपनाउनु पनि उत्तिकै जरुरी छ।

# चलायमान अर्थतन्त्रका सार्थक प्रयास

काठमाडौँ, ५ वैशाख (रासस)।

नयाँ वर्ष प्रारम्भ भएसँगै पुरानो वर्षका कतिपय चुनौतीहरू भने नयाँवर्षमा सरेर आएका छन्। शिथिल भएको अर्थतन्त्र बौरिएको छैन। पूँजीगत खर्चको अवस्था कमजोर हुँदा बजारको शिथिलतामा त्राण नआएको तर्कसमेत प्रस्तुत भइरहेका छन्। तीनवटा निर्वाचन क्षेत्रमा उपनिर्वाचन हुने मिति नजिकिँदैछ।

बैंकबाट प्रवाह हुने कर्जाको ब्याजदर व्यवसायीमैत्री नरहेको टिप्पणी जारी नै छ। नेपाली युवा रोजगारीका लागि विदेशी भूमिमा निर्भर रहने क्रम सङ्घीयतापछि पनि घट्न सकेको छैन उल्टो बढेको छ। हरेक वर्षजस्तो आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तयारीका कामहरू सुरु भएको छ। तीन तहका सरकार छन् तर यी सरकारहरूले ठोस रूपमा कुन नीतिगत खाका प्रयोग गरेर उत्पादनमूलक अर्थतन्त्रको आधार तयार गर्ने भन्ने कार्य भने हालसम्म हुन सकेको छैन।

संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि/समाजवादोन्मुख अर्थतन्त्र होस् वा पन्ध्रौं योजनाले लिएको 'सुखी नेपाली समृद्ध नेपाल'को नारा नै किन नहोस् वास्तविक धरातलमा उत्रने गरी यी विषयको व्याख्या र व्यवस्था दुवै हुन सकेन। नीति कार्यक्रम र बजेट हरेक वर्ष पेस भएकै छन् तर खर्चको अवस्था अति कमजोर छ। चालु वर्षमा राजस्व सङ्कलनको अवस्थासमेत कमजोर हुन गई अनिवार्य दायित्वको भुक्तानीका लागिसमेत वैकल्पिक स्रोत खोज्नुपर्ने दबाबमा सरकार पुगेको छ। यस्तो अवस्थामा स्वदेशमा रहेका सम्भावनाहरूको उजागर गर्नेतर्फ नीति, कार्यक्रम र बजेट निर्देशित हुनुपर्ने देखिन्छ।

**सङ्घीय संरचनामा उपलब्ध अवसर**

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार मुलुकमा तीन तहका सरकारहरू क्रियाशील रहिआएका छन्। देशैभरबाट सङ्कलन भएको आमदानीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूअनुसार सातवटै प्रदेश र सात सय ५३ वटा पालिकामा आर्थिक वर्षको सुरुदेखि अन्त्यसम्म किस्ताबन्दी रूपमा बाँडफाँट गरिन्छ। सबै शासकीय एकाइहरूले आ-आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन गर्दछन्। राष्ट्रियस्तरमै समग्रमा मार्गदर्शन गर्ने नीति र कार्यक्रम नेपाल सरकारले तर्जुमा गरेर लागू गर्दछ। स्थान विशेषका सवाल तथा प्राप्त अधिकारअनुसार आफ्नै नीति तथा कानुनबाट समाधान गर्न प्रदेश र स्थानीय तह स्वतन्त्र छन्। यस क्रममा उत्पादन, प्रतिस्पर्धा र लगानीको उपयुक्त वातावरण तयार गर्नका लागिसमेत केन्द्रबाट संविधानको मर्म अनुकूल हुने गरी नीति लिनु उपयुक्त हुन्छ।

समाजवादोन्मुख र आत्मनिर्भर अर्थतन्त्र हुनका लागि कुन कुन पात्रहरूले के कस्तो अगुवाइ लिने भन्ने पनि प्रस्ट पारिनु पर्दछ। उत्पादन, वितरण वा व्यापार, उपभोग, सेवाको विस्तार र मौलिक उत्पादनको संरक्षणसहितको प्रवर्द्धनमा भने सबै एकाइहरूले प्राथमिकतापूर्वक नीति, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयनमा उतार्न सक्दछन्। सम्भावनाको राष्ट्रियकरण र समस्याको स्थानीयकरण गर्नमा सङ्घीय शासकीय व्यवस्था खरो उत्रनु पर्दछ। विकृतिको चाङ लगाउने नभई नवीनतम र उदाहरणीय आर्थिक रुपान्तरणका कार्यक्रमहरू अघि सारेर अन्य तहसँग परिपूरकको भूमिकामा देखिनु आवश्यक छ। कतिपय स्थान र सवालमा सहकार्यको ढाँचा प्रयोग गर्न सकिन्छ। जस्तो कि जलविद्युत् योजना, बस्ती विकास कार्यक्रम, उत्पादन सङ्कलन तथा बिक्री वितरण केन्द्र एकभन्दा बढी प्रदेश वा स्थानीय तहहरू मिलेर कार्यान्वयन गर्न सक्दछन्।

**स्थानीय आर्थिक विकासको मोडल प्रयोगको सन्दर्भ**

नेपालमा लघु उद्यम विकास कार्यक्रमको मोडल सफल मोडलका रूपमा लिइन्छ। यसमा उद्यम विकास, बजारीकरण, जीवनस्तर विकासमार्फत गरिबी निवारणका विषयहरू यसमा समेटिइएका छन्। विगतमा सफलताको सिँढीमा अगाडि बढेको मोडल भएकै कारण सङ्घीयता कार्यान्वयनमा आएपश्चात् पनि प्रत्येक स्थानीय तहमा उद्यम विकास कार्यक्रम समेट्ने संरचना र जनशक्ति आबद्ध गरिएको छ। यो कार्यक्रमले निजी क्षेत्रलाई समेत विश्वासमा लिएर सहभागितामूलक मोडलमा उत्पादन, आय र रोजगारी वृद्धिलाई अगाडि बढाउने अवधारणा प्रयोगमा ल्याएको छ।

केही वर्षयता आएर नेपालमा स्थानीय आर्थिक विकासको मोडलका सम्बन्धमा केही सरकारी दस्तावेजहरू तयार भएका छन्। उत्पादनसँग सामूहिक शक्ति (विद्यार्थी, महिला समूह, सहकारी, क्लब वा अन्य सामाजिक अभियानमा संलग्न) लाई जोड्न सकेमा अर्थतन्त्र चलायमान हुन सक्छ/बेरोजगारी हट्न सक्छ। स्थानीय सम्भावना र आवश्यकताअनुसार उत्पादनको आइटम फरक हुन सक्छ तर अर्थतन्त्रलाई आत्मनिर्भर र टिकाउ बनाउने भनेकै स्थानअनुसारका प्रोडक्टको उचित बजारीकरण मात्र हो। स्थानीय आर्थिक विकास एक यस्तो अवधारणा हो जसले स्थानीय सम्भावनाको सहभागितामूलक ढङ्गले सदुपयोग गर्दै आय र रोजगारी बढाउने कामहरू हुने गर्दछ।

समग्र परिवेशको बहुपक्षीय ढङ्गले मसिनो विश्लेषण गर्दै मेहनतसाथ काम गर्दै जाने र परिपूरक भूमिकामा रहेका पात्र संलग्न भएर मात्र दिगो स्थानीय आर्थिक विकास सम्भव छ। आवधिक योजनाको दस्तावेजमा सहकारी, निजी, सरकार र सामुदायिक क्षेत्रलाई मुख्य चार पात्रका रूपमा लिइएको छ। यीमध्ये निजी क्षेत्रलाई प्रमुख पात्रका रूपमा स्वीकार गर्नुपर्दछ किनभने निजी क्षेत्रले मात्र नवीन सोचका साथ उद्यमी कामहरू गर्न सक्दछन् र आवश्यक पर्दा जोखिम पनि लिन सक्दछन्। यसो भन्दैमा उदाहरणीयरूपमा भूमिका खेलिरहेका अन्य सङ्गठित संस्थाहरू वा अभियन्ता समूहलाई पनि समेट्न सकिँदैन भन्ने हुँदैन। तुलनात्मक रूपमा राम्रो भूमिका रहने हदसम्म उनीहरूको सहभागिता रहन सक्छ।

व्यापारको संरचना केलाउँदा नेपालले विदेशबाट किनेर उपभोग गरिरहेका कतिपय वस्तुहरू खासगरी खाद्यान्न र निर्माण सामग्रीहरू नेपालमै उत्पादन, प्रशोधन र वितरण गर्न सकिने देखिन्छ। नेपाली भूमिमा अन्न उत्पादन बढाउन सम्भव छ, तरकारी र फलफुल पनि हामीलाई पुग्ने गरी उत्पादन हुनसक्छ। सिमेन्ट उत्पादनमा क्रान्ति आएजस्तै अन्य बढी उपभोग हुने निर्माण सामग्री र मालसामान नेपालमा उत्पादन गर्ने परिस्थिति सिर्जना गर्न सकिन्छ। पहिलेदेखि उत्पादन गर्दै आएका कतिपय अन्न, दलहन र फलफूल उत्पादनका लागि प्राविधिक जनशक्ति नेपालमै उपलब्ध छन्। केही आधुनिक औजार र तौरतरिका आवश्यक पर्ला। योबाहेक उत्पादित वस्तुको उपयुक्त बजारीकरण तथा वितरण महत्वपूर्ण छ। स्थानीय बजार व्यवस्थापनमा समयानुकूल नयाँ सीप चाहिन्छ।

संयुक्त राष्ट्रसङ्घको उपमहासचिवको जिम्मेवारी सम्हाल्नुभएका नेपाली कूटनीति कुलचन्द्र गौतमद्वारा लिखित पुस्तक 'लस्ट इन ट्रान्जिसन' मा लेखकले नेपालमा भइरहेका छ खराब प्रवृत्तिको सूचीमा अति राजनीतिकरण, हिंसा र दण्डहिनताको संस्कृति, आर्थिक सवालहरूको सम्बन्धमा चरम बेवास्ता, जिम्मेवारी पन्छाउने प्रवृत्ति, संयोजनमा भन्दा विभाजनमा रमाउने सामाजिक संस्कृति र गर्नेभन्दा गरेजस्तो देखाउने प्रवृत्ति समाविष्ट छन्। यी सबै विषयले आर्थिकरूपमा सबल बन्ने मार्गमा अवरोधको काम गरेको प्रतीत हुन्छ।

आर्थिक विकासलाई सारभूतरूपमा प्राथमिकता, मेहनत गर्ने बानी, स्वदेशी प्रयोग गर्ने संस्कृति र आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो। यी जिम्मेवारीहरू स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहोस् भन्नका लागि साझेदारी वा संयुक्त व्यवस्थापनमा स्थानीय तहले कार्य गर्न सक्ने अवस्था रहेको छ। स्थानीय सरकारहरू आर्थिक समृद्धिका लागि आपसी समन्वयसमेत गरी बजार शक्तिको भरपूर प्रयोगमार्फत आर्थिक उन्नतिको सशक्त आधारभूमि बन्न सक्दछन्। यसको लागि खाँचो छ स्थानीय आर्थिक विकासको रणनीति, कानुनी खाका र निरन्तर संवाद गरी उत्पादनशील कार्य गर्ने स्थानीय साझा मञ्चको। स्थानीय तहको भूमिकालाई नजिकबाट नियाल्दा प्रमुखरूपमा नियमनकारी भूमिका, लगानीकर्ताका रूपमा भूमिका, अन्य पात्रसमेतलाई लगानीमैत्री वातावरण सिर्जनामा भूमिका जसमा लगानी सम्मेलनहरू आयोजनासमेत पर्न सक्दछ। यसबाहेक सार्वजनिक निजी साझेदारी मोडलको प्रयोग के कसरी गर्ने भन्ने सम्बन्धमा कानुनी र अन्य तयारीसमेत पर्दछन्। मूलरूपमा त उत्पादन र बजार प्रवर्द्धनले विशेष महत्व रहन्छ।

स्थानीय आर्थिक विकासलाई सर्वसाधारणको जीविकासँग जोड्नु आवश्यक छ। यस सम्बन्धमा सम्बोधन गर्नैपर्ने पाँच प्राथमिक विषय छन्। पहिलो भनेको उत्पादन र बजारीकरण केन्द्रित नीति तथा कार्यक्रम आवश्यक पर्दछ। त्यस्तै दोस्रो विषय भनेको समूह शक्तिलाई उत्पादन अभियानमा जोड्ने विषय हो। तेस्रो विषय भनेको आपसमा परिपूरक हुने खालका व्यावसायिक प्रयत्नहरूलाई राज्यका तर्फबाट सहजीकरण गर्ने विषय पर्दछ। चौथो पक्ष भनेको मौलिक उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने विषय पर्दछ। देशको उत्पादनलाई संरक्षणसहितको प्रवर्द्धनका लागि आयतमा नियन्त्रण र कडाइ पनि आवश्यक छ। यसबाहेक सरकारी कार्यालयमा आवश्यकीय चीजहरू सम्भव भएसम्म नेपाली नै खरिद गर्नुपर्दछ। त्यस्तै, पाँचौं विषय भनेको नेपालको अवस्थिति र सम्भावनाअनुसारका प्रोडक्टको विश्व बजारमा प्रचारप्रसार एवम्

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आगामी आवका लागि पाँच लाख मेट्रिक टन रासायनिक मल भित्र्याइने

काठमाडौँ, ५ वैशाख (रासस)।

कृषि सामग्री कम्पनी लिमिटेडले आगामी आर्थिक वर्षका लागि पाँच लाख मेट्रिक टन रासायनिक मल भित्र्याउने तयारी गरेको छ।

लिमिटेडका कायम मुकायम प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले आगामीआगामी आर्थिक वर्षमा पाँच लाख मेट्रिक टन रासायनिक मल ल्याउनका लागि समयमा बजेट विनियोजन गर्न सम्बन्धित निकायबीच निर्णय भएको जानकारी दिनुभयो।

"अघिल्ला वर्षमा बजेटको सही समयमा विनियोजन नहुँदा मलको कमी देखापरेको थियो तर आगामी आर्थिक वर्षका लागि चाहिने बजेट समयमा विनियोजन गर्न सरोकारवाला निकायसँग निर्णय भएकोले मलको कमी हुँदैन। लिमिटेडलाई पनि योजना तयार पार्न अनुकूल भएको छ" उहाँले भन्नुभयो। उहाँका अनुसार बजारमा मलको कमी हुनुको मुख्य कारण बजेट विनियोजन समयमा नहुनु हो। उहाँले पछिल्लो वर्षका लागि मलको आवश्यकता परिपूर्ति गर्न पुस मसान्तभित्र आवश्यक बजेट चाहिने उल्लेख गर्नुभयो। "खरिद प्रक्रियाको समयका कारण चैतमा प्राप्त भएको बजेटले कृषकको सही समयको माग पूरा हुन सक्दैन", पोखरेलले भन्नुभयो।

मल वितरण निर्देशिकाबमोजिम लिमिटेडले पाँच हजार तीन सय सहकारी संस्थामार्फतस्थानीय तहसम्म मल बिक्री वितरण हुने गरेको छ। प्रबन्ध सञ्चालक पोखरेलका अनुसार साल्ट ट्रेडिङले ३० प्रतिशत र लिमिटेडले ७० प्रतिशत मल आपूर्ति गर्ने गरेका छन्। यस आर्थिक वर्ष कृषकलाई रासायनिक मल बढीमा सात लाख मेट्रिक टन र कम्तीमा पाँच लाख मेट्रिक टन आवश्यक हुन्छ। चार लाख मेट्रिक टन आउने क्रममा रहेको तर समयमा बजेट विनियोजन नभएका कारण एक लाख मेट्रिक टन कमी हुने पोखरेलले बताउनुभयो।

हाल लिमिटेडमा एक लाख मेट्रिक टन रासायनिक मल मौज्दात रहेको र अरू आपूर्ति गर्नका लागि टेण्डर खोलिएको उहाँले जानकारी दिनुभयो। आव २०७८/०७९ मा करिब एक लाख ७७ हजार पाँच सय छ मेट्रिक टन आपूर्ति गरेकोमा यस आर्थिक वर्षमा हालसम्म खरिद र टेण्डर भएको जम्मा तीन लाख २४ हजार मेट्रिक टनमध्ये एक लाख ३८ हजार एक सय टन भित्रिएको र एक लाख ३६ हजार छ सय टन बिक्री वितरण भएको कृषि तथा पशुपन्छी मन्त्रालयले जनाएको छ।

भारत सरकारबाट खरिद भएको युरियामध्ये आठ हजार दुई सय मेट्रिक टन प्राप्त भएको र २१ हजार आठ सय मेट्रिक टन आउने क्रममा रहेको छ। एक लाख २३ हजार मेट्रिक टन सम्झौता भएको र ४० हजार मेट्रिक टन टेण्डर भएको मन्त्रालयले जनाएको छ।

# मिटरब्याजी पीडितमाथि बल प्रयोग नगर्न आयोगको आग्रह

काठमाडौँ, ५ वैशाख (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितमाथि बल प्रयोग नगर्न आग्रह गरेको छ।

नागरिकको शान्तिपूर्ण रूपमा भेला हुने र आफ्ना विचार राख्न पाउने अधिकारको सम्मान र संरक्षण गर्न, प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग नगर्न आयोगले सरकारसँग आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा धर्नाका क्रममा झडप हुँदा घाइते भएका व्यक्तिको प्रभावकारी उपचारको व्यवस्था गर्न र सार्थक संवादमार्फत समस्याको समाधान गर्न सरकारसँग आग्रह गरिएको छ।

साथै, विरोध र प्रदर्शन गर्दा मर्यादित र शान्तिपूर्ण रूपमा गर्न धर्नामा बसेकालाई आयोगले अनुरोध गरेको छ। न्यायको माग राखी विगत केही दिनदेखि काठमाडौँको शान्ति वाटिकामा धर्नामा बसेका 'मिटरब्याज' पीडितमाथि प्रहरीद्वारा अत्यधिक बल प्रयोग गरी घाइते बनाएको एवम् धरपकड गरिएको घटनाप्रति आयोगले ध्यानाकर्षण भएको जनाएको छ।

आयोगले उक्त घटनाको आयोगले स्थलगत अनुगमन गरेको छ। काठमाडौँको शान्ति वाटिकामा शान्तिपूर्ण धर्नामा रहेका 'मिटरब्याज' पीडितहरू प्रधानमन्त्रीलाई भेट्ने तयारीका साथ शान्ति वाटिकाबाट निस्केको अवस्थामा प्रहरीबाट रोक लगाइएको र सोही क्रममा झडप भएको आयोगको अनुगमनबाट पाइएको छ।

उक्त धर्नामा रहेका व्यक्तिलाई प्रहरीले अत्यधिक बल प्रयोग गर्दै धरपकड गरेको, पीडितले प्रयोग गरिरहेको खाना पकाउने ग्यास, खाद्यान्नलगायतका सामग्री जबरर्जस्ती गरी लगिएको, धर्नामा रहेका प्रदर्शनकारी र वृद्धवृद्धालाई समेत नियन्त्रणमा लिई महेन्द्र पुलिस क्लबको भवन परिसरमा लगी कुटपिट गरिएको आयोगको अनुगमनबाट पाइएको आयोगले जनाएको छ।

प्रहरीको कुटपिटबाट घाइते भई काठमाडौँको ट्रमा सेन्टरमा उपचार भइरहेको छ। अस्पताल प्रशासन तथा महानगरीय प्रहरीवृत्त दरबारमार्गमा राखिएका व्यक्तिलाई समेत अयोगको अनुगमन टोलीले भेट गरी जानकारी लिएको छ। घाइतेमध्ये अधिकांशलाई टाउकोमा चोट लागेको र ट्रमा सेन्टरमा उपचाररत तीनजना गम्भीर रहेको अनुगमनको क्रममा पाइएको छ।

## *चलायमान अर्थतन्त्रका...*

मूल्य अभिवृद्धिको प्रयत्नसमेत पर्दछ। तसर्थ उत्पादनसँग जोडिने कामहरूलाई नीति, कार्यक्रम र पूर्वाधारका तर्फबाट समग्र इकोसिस्टम तयार गर्नुपर्दछ।

**निस्कर्ष**

अबको समय आर्थिक रुपान्तरणको हुनुपर्दछ। अर्थतन्त्रलाई बलियो र दिगो बनाउने हो भने देशभित्रको माग अनुसारका सीपयुक्त जनशक्ति निर्माणमा, सर्वप्रथम आन्तरिक बजार र क्रमशः नजिकको बाह्य बजारको मागअनुसार वस्तु र सेवा उत्पादन एवम् वितरणको व्यवस्था गर्नुपर्दछ। कष्टकर जीवनका साथ विदेशी भूमिमा रहेर आर्जन गरेको कमाई उपभोगमा र अनुत्पादक क्षेत्रमा खर्च हुनु दुःखद कुरा हो। व्यावसायिक क्षेत्रमा खासगरी उत्पादन, रोजगारी र आय बढ्ने काममा सबै तहका सरकारहरूले प्राथमिकतापूर्वक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्नु जरुरी छ। आर्थिक विकासको एजेन्डा सिङ्गो देशकै प्रमुख सवाल बन्नुपर्दछ। सबै सामूहिक र व्यक्तिगत पहल यही मिसनका लागि सहयोगी बन्नुपर्दछ। आर्थिक रुपान्तरणका लागि कर्मशील र अनुशासित कार्यसंस्कृतिले स्थान पाउनुपर्दछ। स्थानीय आर्थिक विकासको समष्टिले मात्र राष्ट्रियस्तरमा दह्रो र टिकाउ आर्थिक समृद्धि हुन सक्दछ। सबै तहका सरकारहरूले नयाँ नीति तथा बजेट जारी गर्दा यसलाई प्राथमिकता दिए मात्रै अर्थतन्त्र चलायमान हुनसक्छ। *(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ।)*


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी


# विश्व समाचार

## सुडान द्वन्द्वमा दुई सयको मृत्यु, एक हजार आठ सय घाइते

खार्तुम, ५ वैशाख (रासस/एएफपी)।

सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करिब दुई सय जनाले ज्यान गुमाएका छन्भने एक हजार सय जना घाइते भएका छन्। सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको जारी द्वन्द्वले देशलाई गम्भीर अराजकतातर्फ धकेलेको छ। भीषण युद्धका कारण अस्पतालहरू क्षतिग्रस्त भएका छन्भने सहायताका काममा अवरोध उत्पन्न भएको छ। अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ। सुडानमा जारी युद्ध लामो समयसम्म चर्कने चेतावनी विश्लेषकले दिएका छन्। युद्धविरामका लागि क्षेत्रीय एवम् विश्वव्यापीरूपमा आह्वान भए पनि सम्बद्ध पक्षले त्यसलाई वेवास्ता गरेका छन्। विश्व शक्ति राष्ट्रले वार्ताको माध्यमबाट समस्याको निकास खोज्न आग्रह गरेका छन् तर त्यसको सुनुवाई भएको छैन।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले द्वन्द्वरत दुवै पक्षका सेना प्रमुखसँग मङ्गबार टेलिफोन गरेर तत्काल युद्धविराम गर्न आह्वान गर्नुभएको छ। साथै उहाँले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मी सुरक्षा सुनिश्चित गर्न आग्रह गर्नुभएको छ। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता जोन किर्बीले खार्तुमबाट अमेरिकी कर्मचारीलाई उद्धार गर्ने कुनै योजना नरहेको बताएका छन्। हाल खार्तुम विमानस्थल बन्द छ भने सुरक्षा चासो बढेको छ। सोमबार खार्तुमको मुख्य विमानस्थलमाथि धुवाँको बादल देखिएको थियो भने टेलिभिजनमा आगो र विष्फोटका दृश्य प्रसारण गरिएका थिए।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेससहित बेलायत, अमेरिका, युरोपेली सङ्घ, रुस र चीनले तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन्। यसैबीच, सुडानका लागि युरोपेली सङ्घका राजदूत एडन ओहारमाथि खार्तुमस्थित उहाँको निवासमा आक्रमण भएको छ। आयरल्याण्डका विदेशमन्त्री माइकल मार्टिनले आफ्ना कूटनीतिज्ञलाई गम्भीर चोट नलागेको बताउनुभएको छ। आक्रमणबाट कूटनीतिज्ञलाई सुरक्षा गर्ने दायित्वको घोर उल्लङ्घन भएको बताउनुभएको छ।

## चामल मिलको भवन भत्किँदा...

कर्नाल (हरियाणा), ५ वैशाख (रासस/एएनआई)।

हरियाणा राज्यको कर्नालस्थित तीनतले चामल मिलको भवन भत्किँदा चार जनाको मृत्यु भएको छ भने अनय २० जना घाइते भएका छन्। सोमबार राति मिलमा सुतिरहेका मजदुरमाथि भवनको पर्खाल खसेको थियो। दुर्घटनाका बेला मिलमा एक सय ५० कामदार थिए। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। हालसम्म एक सय जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। भग्नावशेषमा अन्य कामदार पुरिएको आशङ्कामा खोजबिन भइरहेको छ। भवन निर्माणमा संरचनागत त्रुटी देखिएको बताउँदै कर्नाल प्रहरीका उपप्रमुख अनिश यादवले घटनाको छानबिन गर्ने समिति गठन गरिने जानकारी दिएका छन्। साथै उनले मिलका मालिकालाई कानुनी कारबाही गरिने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। राष्ट्रिय प्रकोप प्रतिकार्य कार्यदल र राज्य विपद् प्रतिकार्य कोषका अधिकारी पनि घटनास्थल पुगेर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिएका छन्।

## रुसी धम्कीको जी सेभनद्वारा निन्दा

कारुइजावा (जापान), ५ वैशाख (रासस/एएनआई)।

उन्नत अर्थतन्त्र भएका युरोपेली सङ्घसहित सात राष्ट्रको अन्तरसरकारी अन्तरराष्ट्रिय राजनीतिक मञ्च जी सेभनले बेलारुसमा आणविक हतियार तैनाथ गर्ने रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको घोषणाको निन्दा गर्दै त्यसलाई अस्वीकार्य भनेको छ। क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र अमेरिकाका अतिरिक्त युरोपेली सङ्घ सदस्य रहेको उक्त मञ्चका विदेशमन्त्रीहरूको नागानोको कारुइजावामा भएको बैठकपछि रुसी राष्ट्रपतिको अभिव्यक्तिप्रति आपत्ति जनाएको हो।

बैठकले रुसमाथि लगाइएका प्रतिबन्ध छल्न नदिन र तेस्रो पक्षबाट हुनसक्ने हतियार आपूर्ति रोक्न पारस्परिक समन्वयलाई सुदृढ तुल्याउन सहमति जनाउँदै आपसी एकतामा जोड दिएको छ। साथै बैठकले कोरियाली प्रायद्वीप र ताइवानको जलक्षेत्रमा शान्ति एवम् स्थायित्व कायम गर्न आवश्यक भएकामा जोड दिएको छ। बैठकले अफगानिस्तानमा गैरसरकारी संस्था तथा संयुक्त राष्ट्रसङ्घीय निकायमा अफगान महिलालाई काम गर्न लगाएको प्रतिबन्ध तत्काल फिर्ता लिन माग गरेको छ। विदेशमन्त्रीहरूको बैठकले रुसलाईं सघाउने देशलाई कारबाही गर्ने चेनावनी पनि दिएको छ।

युक्रेनमा युद्ध लड्न रुसलाई सहयोग गर्नेहरूले तयसको गम्भीर मूल्य चुक्ता गर्नुपर्ने चेतावनी बैठकले दिएको छ। विदेशमन्त्रीहरूले उत्तरकोरियालाई क्षेप्यास्त्र परीक्षणबाट टाढा रहन पनि आह्वान गरेका छन्। यसैगरी, बैठकले सुडानमा सङ्घर्षरत दुवै पक्षलाई अविलम्ब शत्रुता त्यागेर वार्तामा बस्न र त्यसबाटै सबै समस्याको समाधान खोज्न आह्वान गरेको छ। राष्ट्रसङ्घी अधिकारीहरूका अनुसार शनिबारदेखि विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीच भएको झडपमा परी करिब दुई सय जनाले ज्यान गुमाएका छन् भने एक हजार सय जना घाइते भएका छन्। यसअघि राष्ट्रपति पुटिनले बेलारुसमा आणविक हतियार भण्डारण गर्ने सुविधायुक्त स्थल आगामी जुलाई १ सम्ममा सम्पन्न हुने जनाउँदै बेलारुसका युद्धविमानलाई आणविक हतियार बोक्न सक्षम बनाउने गरी आधुनिकीकरण गर्न मद्दत गरिएको बताउनु भएको थियो।

# एकै प्रकृतिका कार्यालय एकीकृत गर्न माग

काठमाडौँ, ५ वैशाख (रासस)।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांस्दहरुले जिल्लामा एकै प्रकृतिका धेरै कार्यालय रहेको भन्दै त्यसलाई तत्काल एकीकृत गर्नुपर्नेमा जोड दिनुभएको छ।

बैठकको विशेष समयमा आफ्नो धारणा राख्दै सांसद श्यामकुमार घिमिरेले न्यून बजेट भएका आयोजनामा परामर्शदाताको खर्च बढी भएकाले आगामी आर्थिक वर्षको बजेटमा त्यसलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो। उहाँले सरकारी राजश्वको प्रमुख स्रोतका रुपमा रहेको सवारी साधनको आयात भए पनि त्यसलाई रोकिँदा समस्या परेकाले त्यसलाई सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने केही विषयलाई सुत्रवद्ध रुपमा राख्दै सांसद घिमिरेले जग्गा प्राप्ति ऐनलाई समयानकूल बनाइ सार्वजनिक हितका लागि प्रयोग गर्ने व्यवस्था गर्न माग गर्नुभयो। उहाँले आत्मनिर्भर हुन लागेको उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्न सरकारले थप सहजीकरण गर्न आग्रह गर्नुभयो।

सांसद भीमप्रसाद आचार्यले सरकारले हालसम्म पूर्णता नपाएको भन्दै विकास निर्मापको काम कहिले अगाडि बढ्ने हो भन्दै प्रश्न गर्नुभयो। परिवर्तनलाई कोही उल्ट्याउन नसक्ने तर्क गर्दै उहाँले किसान, मजदुर, श्रमिकको समस्या समाधान गर्न सरकारको ध्यानकषृण गराउनुभयो।

सांसद हितबहादुर तामाङले काठमाडौँ महानगरपालिकाका प्रमुखले आफ्नो कर्तव्य र जिम्मेवारी पूरा नगरेका कारण समस्या खडा भएको उल्लेख गर्दै काठमाडौँका नदी किनारमा रहेका अव्यवस्थित बसोबासी हटाउने भनेर गरिएको सूचना र प्रयास नै संविधान विपरीत रहेको बताउनुभयो।

सिंहदरबार र अति विशिष्ट कार्यालयको फोहरमैला उठाउदिन भनेर काठमाडौँका प्रमुखले गलत गतिविधि गरेको उहाँको भनाइ छ। तीन वर्षका लागि भनेर फोहर व्यवस्थापन गर्न थालिएको सिसडोलमा १६ वर्षसम्म फोहर फालिएको र अघिल्लो वर्षदेखि मात्रै बञ्चरेडाँडामा व्यवस्थापन गर्न थालिए पनि स्थानीयको माग सम्बोधन नभएकोमा आपत्ति प्रकट गर्नुभयो।

बञ्चरेडाँडामा वैज्ञानिक तवरले फोहर व्यवस्थापन हुन नसकेको उल्लेख गर्दै सांसद तामाङले काठमाडौँ महानगरपालिकाले संविधान मिच्ने र कानुन मान्दिन भन्न नपाउने बताउनुभयो। उहाँले फोहर व्यवस्थापनसम्बन्धी अध्ययन गर्न विशेष समिति गठन गर्न माग गर्नुभयो।

सांसद निशा डाँगीले काठमाडौँ विश्वकै प्रदूषित सहरको सूचीमा परेको भन्दै वायु प्रदूषण नियन्त्रणका लागि प्रभावकारी कमद चाल्न सरकारको ध्यानकर्षण गराउनुभयो। उहाँले नेपालमा उत्पादित सामग्रीलाई सहजरुपमा दर्ता गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

सांसद ज्ञानबहादुर शाहीले आफूले पाउने तलब सुविधाबाट रु तीन हजार बराबरको रकम खेलाडीलाई प्रदान गर्ने घोषणा गर्नुभयो। सांसद रञ्जुकुमारी झाले नीति तथा कार्यक्रम र बजेट निर्माणमा सांसदहरुको कुनै पनि भूमिका नभएको भन्दै सरकारको ध्यानकर्षण गराउनुभयो। उहाँले विगतमा दुवै सदनबाट पारित भएर राष्ट्रपति कार्यालय पुगेकाले त्यसलाई प्रमाणित गर्न आग्रह गर्नुभयो।

सांसद शेरबहादुर कुँवरले सुदूरपश्चिम प्रदेशको महत्वपूर्ण राजमार्गका रुपमा रहेको सेती राजमार्ग निर्माण सुरु भएको १३ वर्ष पूरा भए पनि ट्र्याक पूरा नभएकाले सरकारको ध्यानकर्षण गराउनुभयो। सांसद अनिता देवीले नागरिकता नभएकाले तराई-मधेशका नागरिकले समस्या भोग्नुपरेको भन्दै एक नागरिकताविहीन नागरिकले पठाएको सन्देश सदनलाई सुनाउनुभयो।

सांसदहरु अरुणकुमार चौधरी, अमरेशकुमार सिंह, सीताकुमारी राना, एकनाथ ढकाल, रमा कोइराला पौडेल, वासुदेव घिमिरे, सम्झना थपलियालगायतले मुलुकको समसामयिक राजनीतिक विषयका अलावा स्थानीय समस्याका बारेमा सदनमार्फत सरकारको ध्यानकर्षण गराउनुभयो।

# गण्डकी र कोशी ब्यारेजका संरचना जीर्णोद्धार आवश्यक : सांसद चौधरी

काठमाडौँ, ५ वैशाख (रासस)।

सांसद विनोदकुमार चौधरीले गण्डकी र कोशी ब्यारेजका संरचना जीर्णोद्धारका लागि नेपालले भारतसँग पहल गर्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा शून्य समयमा बोल्नुहुँदै उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न भारत भ्रमणका क्रममा यो विषय उठाइनुपर्ने बताउनुभयो।

"पचास वर्षदेखि बर्दघाट सुस्ता पश्चिम निरन्तर पीडा, आक्रोश, उपेक्षा र चरम दुःख भोगिरहेको छ। हरेक वर्ष सुस्ता र गण्डकको बाढीका कारण हजारौँ परिवारको खेत डुबानमा पर्छ। ठूलो जनधनको क्षति हुन्छ," सांसद चौधरीले भन्नुभयो, "पाँच दशक पूराना संरचना जीर्णोद्धार गर्ने विषय प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा महत्वपूर्ण एजेन्डाका रुपमा उठाइनुपर्छ।"

सांसद वीरबहादुर बलायरले सुदूरपश्चिम प्रदेशको राजधानी घोषणा भएको पाँच वर्षसम्म पनि बन्न नसक्नुको कारण खोजिनुपर्ने बताउनुभयो। "सुदूरपश्चिमको राजधानी कसले बनाउने हो ? तत्कालीन प्रदेशसभाको दुई तिहाइले गोदावरीलाई प्रदेश राजधानी भन्यो। २०७५ सालमा राजधानी घोषणा भएर पनि अहिलेसम्म निर्माण हुन नसक्नुको कारण के हो ?" उहाँले भन्नुभयो।

शून्य समयमा बोल्नुहुँदै अर्का सांसद बीना जयसवालले नेपाल हिन्दू राष्ट्र कायम हुनुपर्ने धारणा राख्नुभयो।

# बल प्रयोगबारे छानबिन समिति गठन

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ बैशाख।**

मिटरब्याज पीडितहरुमाथी भएको बल प्रयोगबारे छानबिन गर्न गृह मन्त्रालयले समिति बनाएको छ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठका अनुसार काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ५ सदस्यीय समिति बनाइएको हो। सोमबार शान्तिवाटिकामा मिटर ब्याज पीडित र प्रहरीबीच झडप भएको थियो।

मंगलबार गृह मन्त्रालयमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै मन्त्री श्रेष्ठले घटनाप्रति दुःख व्यक्त गरे। उनका अनुसार मिटरब्याज पीडितहरु बसेको स्थानमा बाँसको भाटा तथा इँटा जम्मा भएको देखेपछि प्रहरीले सतर्कता अपनाएको बताए। त्यसक्रममा प्रहरीले गेट लगाएको र भित्रबाट इँटा प्रहार भएपछि दुखद घटना भएको श्रेष्ठले बताए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, सप्तरी**



> चौध बर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं।
> बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो।
> बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं।
> बालबालिकाको शारिरीक र मानसिक विकासमा सहयोग गरौं।

बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER — Money Transfer Made Easy
Best Remit — Quick & Easy
prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money — CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*